# नेपालमा समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरूः सरोकारका विषय तथा सिकाइहरूको एक सर्वेक्षण

✍ हेमन्त राज. ओझा,*  नेत्रप्रसाद तिम्सिना,*
चेतन कुमार,**  ब्रायन बेल्चर** र
मणिराम. बञ्जाडे *

## परिचय

विगत केही दशक यता समुदायमा आधारित वन व्यवस्थापन खासगरी विकासोन्मूख देशहरूमा स्थानीय जनजीवनको प्रवर्द्धन एवम् संरक्षणको रणनीतिका रूपमा विकास भएको छ। यस रणनीतिका पछाडि रहेका मान्यताहरू मध्ये एउटा मान्यता के छ भने जब स्थानीय समुदायहरूलाई कानुनी रूपमा वन सम्पदाहरू माथि नियन्त्रण राख्ने अधिकार दिइन्छ, तब तिनीहरूले वन सम्पदाहरूको दिगो उपयोग गर्नका लागि स्थानीय तहका संस्थाहरू विकास गर्न सक्छन्। सफल सामूहिक कार्यका लागि समुदायहरूलाई आफैं सङ्गठित पार्न लगाउने खालका महत्वपूर्ण व्यवहारिक र नीतिगत अन्तर्दृष्टिहरू विश्वव्यापी रूपमै प्रस्फुटित भएता पनि कसरी नीति, कार्यक्रम तथा व्यवहारहरूले विभिन्न सामाजिक, आर्थिक तथा पारिस्थितिकिय परिप्रेक्ष/सन्दर्भहरूमा सफल समूदायमा आधारित वन व्यवस्थापन संस्थाहरूको विकासमा टेवा पुऱ्याउन सक्छन् भन्ने कुराको ज्ञान अझै पनि अपर्याप्त छ। हामीले यो पत्रिकाको यस अङ्कमा कहिले र कसरी समुदायहरू सफल सामूहिक कार्य तथा वनहरूको दिगो व्यवस्थापनका लागि सङ्गठित हुन्छन् भन्ने प्रश्नको स्वयंसिद्ध उत्तरहरू खोज्दैनौं, बरु नेपालमा विगत तीन दशक देखि भएका विभिन्न समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमको सुरूवातबाट सिकेका पाठहरूलाई एकत्रित गर्ने र लिपिवद्ध गर्ने प्रयास गरेका छौं।

नेपाल समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरू संचालन तथा लागू गर्नमा अग्रस्थानमा देखा परेको छः (Springate and Blaikie 2007, Carter and Gronow 2005 and Nurse and Malla 2005)। हिमालहरूको पहाडीक्षेत्रको वा हिमालीक्षेत्रको वातावरणीय ह्रासको चुनौतीलाई सम्बोधन गर्न तथा खतराको तहसम्म पुगेको गरिबीको न्यूनीकरणमा योगदान दिन नेपालले विभिन्न समुदायमा आधारित वन व्यवस्थापन रणनीतिहरू लागु गर्दै आएको छ। यसलाई सफल पार्नका लागि विगत दुई दशकभन्दा बढी समयदेखि विभिन्न नीति तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विशिष्ट संस्थागत व्यवस्थाहरूमा फरक भए पनि यस्ता सबै प्रारूपहरू नीति परिवर्तनको एउटा

* फरेस्टएक्सन नेपाल, काठमाडौं,

** सेन्टर फर इन्टरनेशनल फरेस्ट्री रिसर्च, बोगोर, इन्डोनेसिया

साझा दिशातर्फ उन्मुख छन् । स्थानीय समुदायहरूलाई अझ बढी स्वायत्तता प्रदान गरुन ताकि तिनीहरूले वनको व्यवस्थापन, संरक्षण र उपयोगका लागि अझ बढी अधिकारको अभ्यास गर्न र स्थानीय प्रयासलाई अझ बढी परिचालन गर्न सकून् भन्ने नै ती सबै प्रारूपहरूको नीति परिवर्तनको साझा दिशा हो । वन विकास गुरुयोजना १९९८ ले समुदायमा आधारित वन कार्यक्रमहरूको सञ्चालन तथा नियन्त्रण गर्ने विभिन्न ऐन तथा नियमहरूको अत्यावश्यकताका लागि आधारहरू उपलब्ध गराएको छ ।

यस सम्पादकीय परिचयमा हामीले धेरथोर उस्तै संरचना भएका पछिल्ला लेखहरूका लागि परिदृश्य प्रस्तुत गरेका छौं । ती लेखहरूले नेपालमा कसरी र कुन अवस्थामा विभिन्न समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरू विकसित भए र विभिन्न सामाजिक, आर्थिक तथा पारिस्थितिकिय सन्दर्भहरूमा निर्दिष्ट जनजीविका तथा वातावरणीय उद्देश्यहरू प्राप्त गर्नमा कस्ता अवधारणाहरू प्रस्तुत गरेका छन् भन्ने विषयमा छलफल गरेका छन् ।

यस अङ्कले नेपालमा सञ्चालित समुदायमा आधारित वन व्यवस्थापनका विभिन्न ६ प्रकारका प्रारूपहरूलाई समेटेको छ । ती हुन्: सामुदायिक वन, कबुलियती वन, जलाधार व्यवस्थापन, साझेदारी वन व्यवस्थापन, एकिकृत संरक्षण र विकास र मध्यवर्ति क्षेत्र । यिनीहरू मध्ये सामुदायिक वन सबै भन्दा अग्रणी र बहुपरिचित अवधारणा हो जसले नेपालका अन्य समुदायमा आधारित वन व्यवस्थापनका प्रारूपहरूलाई पनि प्रभावित गरेको छ । सामुदायिक वनको सुरुवात ७० को दशकको अन्त्यतिर भएको थियो र त्यसपछिका वर्षहरूमा यो लगातार परिमार्जित हुँदै आइरहेको छ । यो अहिले देशभरि नै, अझ खासगरी मध्य-पहाडी क्षेत्रमा स्रोत व्यवस्थापनको अधिकार स्थानीय वन उपभोक्ता समूहहरूलाई सुम्पने एउटा बलियो कानुनी आधार सहित लागू भएको छ । यी छ प्रकारका समुदायमा आधारित वन व्यवस्थापनका प्रारूपहरूले एकैसाथ संरक्षणकार्यको अभिवृद्धि गर्ने तथा विभिन्न परिप्रेक्षहरूमा स्थानीय जनजीविकाको उत्थान गर्ने दुई उद्देश्यहरू प्राप्त गर्ने संभावना तथा चुनौतीहरूका विषयका अनुभवहरू र सिकाइहरू प्रदान गर्दछन् ।

## सवालहरु

सहभागितामूलक वन व्यवस्थापन विषयक समकालीन चर्चाहरूमा कम्तीमा चार नीतिगत चुनौतीहरू पहिचान योग्य छन् । पहिलो सवाल वन माथिको अधिकारका सन्दर्भमा कसरी र कुन हदसम्म राज्य र स्थानीय समुदाय बीच शक्तिको बाँडफाँट गरिन्छ भन्ने कुरासँग सम्बन्धित छ । विकेन्द्रीकरणको विषयमा व्यापक सहमति हुँदाहुँदै पनि शक्तिको बाँडफाँटको विषय अत्यन्त महत्वपूर्ण हुन्छ किनभने आफ्नो जीविकाका लागि वनमा आश्रित स्थानीय समुदायहरू र वनबाट बढी भन्दा बढी राजस्व असुल्न खोज्ने राज्यका वन सम्बन्धी निकायहरू बीच लगातार तनाव उत्पन्न भइरहेको हुन्छ (Sarin *et al.* 2003) .

नेपाल सरकारले स्थानीय समुदायहरूलाई प्रदान गरेको स्वायत्तताको मात्राको आधारमा नेपालमा समुदायमा आधारित वन व्यवस्थापनका छ प्रारूपहरू बीच उललेखनीय भिन्नता रहेको छ । सामुदायिक वन एउटा त्यस्तो पद्धतिको उदाहरण हो जसमा स्थानीय समुदायहरूले गैर सदस्यहरूलाई बञ्चित गर्दै वनबाट प्राप्त सबै फाइदाहरू उपभोग गर्न पाउने अधिकार पाएका हुन्छन् । सामुदायिक वन उपभोक्ता समूहहरूले राज्यबाट उल्लेख्य मात्रामा स्वायत्तता उपभोग

गर्दछन्: वन ऐन २०४९ ले सामुदायिक वन उपभोक्ता समूहहरू स्वायत्त र सदा स्वशासित सङ्गठनहरू हुन् भनी सुनिश्चित गरेको छ। कबुलियती वन पनि सामुदायिक वन जस्तै जस्तै देखिन्छ, फरक के छ भने यो अत्यन्त गरीब घरधुरीहरू प्रति लक्षित हुन्छ र स्वामित्व पनि अस्थाई रूपले (४० वर्षको लागि) तोकिएको हुन्छ। चालु कबुलियती वन कार्यक्रमले मुख्यतया विनाश भएको जङ्गल क्षेत्रमाथि ध्यान केन्द्रित गर्ने गर्दछ। साझेदारी वन व्यवस्थापनले वन पैदावार माथि स्थानीय समुदायहरू र सरकारको संयुक्त नियन्त्रणलाई आवश्यक ठान्दछ र यसमा स्वायत्त स्थानीय संस्थाहरूको व्यवस्था पनि हुँदैन। जलाधार व्यवस्थापनले माथिल्लो तटिय- तल्लो तटिय सम्बन्धहरू र समताका सवालहरूका बारेमा विचार राख्न खोज्दछ, तर नेपालमा जलाधारलाई शासनको एउटा स्वायत्त इकाइको रूपमा राम्ररी मान्यता दिइएको छैन। एकिकृत संरक्षण र विकास प्रारूपले जैविक सम्पदाबाट स्थानीय जनतालाई पर्यापर्यटनका लाभहरू प्रदान र प्रवर्द्धन गर्नमा केही मात्रामा स्थानीय स्वायत्तता प्रदान गर्दछ तर यसमा अझै पनि संरक्षण गर्ने संस्थाहरूको सम्पदा व्यवस्थापन वा अझ खासगरी जैविक सम्पदाको संरक्षणको अभ्यासमा उल्लेखनीय मात्रामा नियन्त्रण रहेको हुन्छ।

यी छ प्रकारका प्रारूपहरूले एकसाथ राज्यको नियन्त्रण र स्थानीय स्वायत्तता बीचको शृङ्खलामा शासन अवस्थाको एउटा फराकिलो विचारपुञ्ज प्रदान गरेका छन्। यहि अनुभवबाट लेखकहरूले प्रकृतिको स्थानीय स्वायत्तता, सम्पदाको दिगोपना र जनजीविका माथिको प्रभावसँग के कति सम्मको र कस्तो सम्बन्ध छ भन्ने विषयतर्फ महत्वपूर्ण दृष्टिहरू प्रस्तुत गरेका छन्।

दोस्रो सवाल नीतिनिर्माण र कार्यक्रम योजना तथा कार्यान्वयनको अभ्यास र प्रक्रियासँग सम्बन्धित छ (Ojha *et. al.* 2007). यस सन्दर्भमा कुन हदसम्म नागरिक समाजका समूहहरू, वन अधिकारीहरू र राजनीतिक नेताहरू एक अर्कालाई नीति निर्माण प्रक्रियामा व्यस्त गराउँछन् भन्ने अत्यन्त महत्वपूर्ण प्रश्न हो। यो खास गरी वन माथिको शासनका सन्दर्भमा एउटा महत्वपूर्ण कडी हो किनकि वन सम्बन्धी क्षेत्र ऐतिहासिक रूपले एउटा बन्द क्षेत्र बनेको छ जहाँ वन अधिकारीहरूले जनस्तरमा व्यापक प्रभाव पार्ने खालका प्रमुख निर्णयहरू गर्न पाउने अधिकार प्रयोग गर्छन्। हालसालैका केही वर्ष यता नेपाल भित्र र अन्तर्राष्ट्रिय स्तरमा पनि लोकतान्त्रिक शासनका बारेमा वहस र आन्दोलनहरू तीव्र भएका छन्। यस क्रममा कुन हदसम्म वन सम्बन्धी छलफलहरू र नीति प्रक्रियाहरू परिवर्तन भएका छन् भन्ने बारे थाहा पाउनु महत्वपूर्ण हुन्छ।

नेपालमा प्रचलित समुदायमा आधारित वन व्यवस्थापनका छ प्रकारका अवधारणाहरूले नीति तथा कार्यक्रम विकास र व्यवहारबारे गरिएको विचार विमर्शको विविध अवस्थाहरूलाई प्रतिनिधित्व गर्दछन्। सामुदायिक वनको सुरुवात बढी अनुभवमा आधारित तथा सहभागितामूलक परिक्षण अवधारणाबाट गरिएको थियो। साझेदारी वन व्यवस्थापनको नेतृत्व प्रभावित जनताको थोरैमात्र संलग्नताका साथ राज्यका वन अधिकारीहरूद्वारा गरिएको छ। जलाधार व्यवस्थापन बढी जसो सरकारी वा द्विपक्षीय परियोजनाहरूको तहसम्म केन्द्रित छ। कबुलियती वन बढी जसो स्थानीय राजनीतिक विचार विमर्शतर्फ दिइएको सिमित एवं व्यावहारिक ध्यानका साथै नीति नियमका दस्तावेजहरूद्वारा सञ्चालित छ। मध्यवर्ती क्षेत्र सहभागितामूलक संरक्षण तर्फको एउटा ठूलो कदम हुँदाहुँदै पनि यसलाई स्थानीय जनताका निम्ति एउटा विशुद्ध राजनीतिक स्थानभन्दा पनि राष्ट्रिय

निकुञ्जकै विस्तारमात्र मानिएको छ। एकिकृत संरक्षण र विकास मुख्यतया संरक्षित संस्थाहरूद्वारा सञ्चालित छ। यस कार्यक्रमले के स्पष्ट पारेको छ भने स्थानीय समुदायहरूको प्राथमिक दायित्व स्थानीय जनजीविकाको लागि प्राकृतिक सम्पदाहरूको उपयोग गर्नु भन्दा पनि ती सम्पदाहरूको संरक्षण गर्नु हो। यी अवधारणाहरूले एकैसाथ नीति विकास र अभ्यास प्रक्रियामा विविध सरोकारवालाहरू बीचको विचार विमर्शको कस्तो प्रकृति वा मात्राले परिणामलाई प्रभाव पारेको छ भन्ने कुराको जानकारी दिन सक्छन्।

तेस्रो सवाल कसरी स्थानीय सामाजिक संरचनाले नीतिहरूको हस्तान्तरणलाई व्यवहारिक रूपमा प्रभाव पार्दछ भन्ने कुरासँग सम्बन्धित छ। अझ विस्तृत रूपमा भन्नु पर्दा स्थानीय सामुदायिक समूहहरू कति समावेशी छन् र राज्यद्वारा प्रदत्त शक्ति वा स्वयात्तताले स्थानीय तहमा समानुपातिक लाभहरू सिर्जना गर्छ या गर्दैन भन्ने कुरा नै प्रमुख मुद्दा हो। यस सन्दर्भमा यी कार्यक्रमका अनुभवहरूले नेपाल जस्तो जाति, वर्ग, लिङ्ग र वर्णको आधारमा उच्च विविधता भएको मुलुकमा स्थानीय तहको वन माथिको शासनमा समायोजन र परिवर्तनको तौरतरिकाका विषयमा महत्वपूर्ण अन्तर्दृष्टिहरू प्रदान गर्न सक्दछन्।

यस्ता प्रारूपहरूले सामूहिक कार्यका लागि स्थानीय तहका संस्थागत प्रबन्धहरूको एउटा अति चाख लाग्दो सम्मिश्रण प्रदान गरेका छन्। सामुदायिक वन र कबुलियती वन आधारभूत रूपमा विशेष समुदायहरूको तहमा आधारित छन्। कबुलियती वनले अति गरिब घरपरिवारहरूको पहिचान भएका समूहहरूलाई सदस्यता दिने गर्दछ, जबकि सामुदायिक वनमा चाहिँ फरकफरक पृष्ठभूमिका परिवारहरू भएका समुदायका सम्पूर्ण सदस्यहरूका लागि खुल्ला हुन्छ। साझेदारी वन व्यवस्थापन, जलाधार व्यवस्थापन, मध्यवर्ती क्षेत्र र एकिकृत सामुदायिक विकासले एउटा धरातलको तहमा सामूहिक कार्यहरूलाई प्रवर्द्धन गर्ने काम गर्दछन्। यसले के प्रष्ट गर्छ भने यो धरातल समुदाय भन्दा विशाल र बढी जटिल इकाइ हो। समुदाय स्तरका प्रयासहरू जलाधार वा परिषद्हरूको धरातल, सञ्जाल र सङ्गठनहरूको तहसम्म जोडिएका छन्। यी प्रारूपहरूले शासन सम्बन्धी सम्झौताहरूलाई उच्च तहमा प्रबर्द्धन गर्न खोज्दछन्।

अन्त्यमा, सबै समुदायमा आधारित वन कार्यक्रमहरूको अत्यन्त महत्वपूर्ण सरोकार भनेको संरक्षण र जीविकाका उद्देश्यहरूलाई एकीकृत गर्नु हो। प्रायः नीति-निर्माताहरू र निर्णयकर्ताहरू संरक्षण वा जनजीविकाका उद्देश्यहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने कुरामा विभाजित हुने हुनाले नेपालका नवीनतम अनुभवहरूले कुन हदसम्म र कसरी संरक्षण र जनजीविका जस्ता जुम्ल्याहा उद्देश्यहरूलाई समुदायमा आधारित वन व्यवस्थापनका अवधारणाहरू प्रयोग गरेर एकीकृत गर्न सकिन्छ वा यी सबै आवश्यक छन् वा छैनन् भन्ने विषयमा सूक्ष्म दृष्टिहरू प्रदान गर्दछन्।

संरक्षण आन्दोलनले जैविक विविधता संरक्षणको परिवर्जित क्षेत्रहरूमाथि जोड दिन्छ भने जनजीविकामुखी अधिकारमा आधारित आन्दोलनले संरक्षणका क्रममा स्थानीय जनजीविकाको प्रमुखता माथि जोड दिन्छ। नब्बेको दशकमा संरक्षण सम्बन्धी विषयले सहभागितामूलक मोड लियो र प्रारम्भिक कामहरूको शृङ्खलाको सुरुवात गरियो जुन कामले स्थानीय जनताका लागि दीर्घकालीन

संरक्षणका जिम्मेवारी लिनको निम्ति स्थान प्रदान गऱ्यो । यस विषय सम्बन्धी लेखहरूले नेपालमा प्रयास गरिएका दुई भिन्नाभिन्नै समुदायमा आधारित संरक्षण (मध्यवर्ती क्षेत्र र एकिकृत सामुदाय विकास)का प्रयासहरू प्रस्तुत गर्दछन् । जैविक विविधता संरक्षणका उल्लेख्य उद्देश्यहरूलाई कस्ता नीति कार्यक्रम तथा रणनीतिहरूद्वारा कुन हदसम्म जीविकोपार्जन सम्बन्धी विषय, स्थानीय जनताका अधिकार र रूचीहरूका साथ जोडेर लैजान सकिन्छ भन्ने कुरा बुझ्नु लामो समयदेखिको चुनौती हो ।

## नेपालमा लागू गरिएका समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरुबाट प्राप्त अनुभव तथा सिकाइहरु

नेपालका अनुभवहरूले के देखाउँदछन् भने, मुलुकको आधुनिक इतिहासभरि नै राज्य र स्थानीय जनताका बीच स्थानीय वन सम्पदालाई नियन्त्रण गर्ने सवालमा सदैव एउटा तनाव रहँदै आएको छ । (Regmi 1978, Malla 2000) . सन् १९९० सम्म र यसपछि पनि नेपाल राज्य सँधैं कुलीन शासकको समूहहरूद्वारा नियन्त्रित हुँदै आएको छ जसले सँधै स्थानीय सामन्तहरूलाई संरक्षकत्व प्रदान गरेर ग्रामीण क्षेत्रहरूभित्र स्थानीय अधिकारीहरूको सञ्जाल विस्तार गर्न खोज्दछन् । १९७० को दशकको अन्त्यतिर विकेन्द्रीकरण नीतिको प्रादुर्भाव नहुँदासम्म वन तथा भू-सम्पदा माथि राज्यको नियन्त्रण लगातार रूपले बलियो भयो (Malla 2001, Timsina 2002, Ojha 2006) । राज्य व्यवस्थापनको यही अवधिमा नै देशले आफ्ना धेरैजसो वनक्षेत्रहरू गुमायो ।

यि विभिन्न प्रारूपका समुदायमा आधारित वन व्यवस्थापनका कार्यक्रमहरू विभिन्न सामाजिक, आर्थिक र परिस्थितिकिय परिप्रेक्षमा देशभित्र विभिन्न समयमा शुरु गरिए तापनि ती सबैमा कम्तीमा दुई समानताहरू छन्: पहिलो यी सबैले स्थानीय समुदायहरूलाई केही तहसम्म वन व्यवस्थापनको अधिकार हस्तान्तरण गर्न खोज्दछन् र दोस्रो सबैले वनजंगल माथिको राज्यको स्वामित्वलाई भने कायमै राख्दछन् । यि सबै प्रारूपका कार्यक्रमहरूमध्ये सामुदायिक वन कार्यक्रम मातृ-कार्यक्रमको रूपमा रहेको पाइएको छ जब कि अरू कार्यक्रमहरू भने यसै कार्यक्रमको विस्तारको रूपमा वा सामुदायिक वनले व्यवहारमा विकास गरेका सिमितताहरूलाई सम्बोधन गर्ने उपायका रूपमा खासगरी १९९० को दशकको मध्य तिर विकास भएका हुन् जुनबेला नीति निर्माण तथा असमानतामूलक लाभांश बाँडफाँटमा कुलीनहरूको हालिमुहाली थियो । यसबाट सामुदायिक वन सभ्रान्तहरूमै सिमित थियो भन्ने प्रस्ट हुन्छ । यसैगरी यस्ता कार्यक्रमहरू लागू गरिएका क्षेत्रहरूका जीविकोपार्जनका सन्दर्भहरू पनि थोर बहुत रूपमा उस्तै छन्: सडक र साना शहर तथा दुर्गम ठाउँहरूसँग जोडिएका क्षेत्रहरू बीच जनजीविकामा बढ्दै गएको भिन्नताका बाबजुद जीविकाका लागि वनमाथिको उल्लेख्य स्थानीय निर्भरता हुनु यसको उदाहरण हो । स्पष्ट छ सबै समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरू आंशिकरूपले स्थानीय जनतालाई प्राकृतिक सम्पदाको व्यवस्थापनमा संलग्न गराउने भन्ने कुराको प्रत्युत्तर स्वरूप शुरू भएका छन् । स्थानीय समुदायहरूमा शक्ति हस्तान्तरण गर्ने भन्ने कुरा यी सबै कार्यक्रमहरूको एक साझा ध्येय भए पनि नीति तथा कार्यक्रम कार्यान्वयनको तहमा कुन हदसम्म र कुन प्रक्रियाद्वारा शक्ति हस्तान्तरण गर्ने भन्ने कुरामा यिनीहरू फरक छन् ।

लेखकहरूले निर्दिष्ट गरेझैं यी समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरूले सँधै परिवर्जित स्थान ओगट्दैनन् र सेवाग्राही उपभोगकर्ताहरूसँग व्यवस्थापन गर्नुपर्ने वन क्षेत्रहरू, संलग्न गर्नुपर्ने संस्थाहरू र छुट्याइनु पर्ने लगानीहरूका सम्बन्धमा साझा विचारहरू पनि हुँदैनन् । परिणाम स्वरूप, प्रायः जसो विभिन्न कार्यक्रमहरूका पक्षधरहरूबीच द्वन्द्व र विरोधहरू हुन्छन्, अझ उल्लेखनीय रूपमा एकातर्फ सामुदायिक वन र अर्को तर्फ कबुलियती वन, साझेदारी वन र मध्यवर्ति क्षेत्रका बीच यस्तो भइरहेको हुन्छ ।

## राज्य र स्थानीय समुदायहरु बीच शक्तिको बाँडफाँट

के वनमाथिको बढ्दै गएको सामुदायिक नियन्त्रणले गरिबी न्यूनीकरण र वन संरक्षणका उद्देश्यहरू प्राप्त गर्न सघाउ पुऱ्याउँछ त ? वनको विकेन्द्रित व्यवस्थापनका पक्षधरहरूले नीति परिवर्तनलाई शक्ति हस्तान्तरणको दिशातर्फ उन्मुख गराउने क्रममा कठिन घडीहरूको सामना गर्दै आएका छन् । यो कुरा खासगरी दक्षिण एशियाली समाजको सन्दर्भमा अत्यन्त महत्वपूर्ण छ जहाँ समाज आर्थिक असमानताको आधारमा मात्र नभई जातीय एवं सांस्कृतिक तत्वहरूका आधारमा समेत विभाजित छ । यी छ वटै कार्यक्रमहरूले कसरी भिन्नभिन्न खालका कर्ताहरूले समुदायभित्र सामूहिक कार्यहरू गर्दछन् जसले लागत र फाइदाहरूको बाँडफाँटलाई समायोजन वा निरोध गर्दछन् भन्ने सम्बन्धमा विविध प्रयास, सफलता, असफलता तथा शिक्षा प्रदान गर्दछन् ।

कबुलियती वन कार्यक्रमले अति गरिव समूहहरूको वनमाथिको परिवर्तित प्रयोगको अधिकार तोक्ने एउटा नीतिगत दस्तावेजलाई अत्यावश्यक ठान्दछ । यिनीहरूले केही सफलताहरू सिर्जना गरेका छन् तर पनि यी परिवर्तनहरूलाई कसरी संस्थागत गर्ने भन्ने कुरा अझै अस्पष्ट छ । यस सम्बन्धि एउटा पाठ के छ भने गरिव पक्षीय नीति दस्तावेजहरू भए तापनि तीनलाई व्यवहारमा उतार्ने पर्याप्त संयन्त्रहरू बिना गरिवका पक्षमा सुखद परिणामहरू सिर्जना हुन्छन् नै भन्ने छैन । विभिन्न कार्यक्रमका अनुभवहरूले के संकेत गर्दछन् भने नीति र जीविकोपार्जनका उपलब्धिहरू बीचका सम्बन्धहरू, नीति निर्माताहरू र कार्यक्रम योजनाकारहरूद्वारा अनुमान गरिए भन्दा बढी जटिल हुन्छन् । गरिव पक्षीय नीति बाध्यात्मक नहुँदा समेत स्थानीय कुलीनहरूको सचेतताले सामाजिक परिचालन र सुदृढीकरण प्रक्रियाहरूद्वारा समानुपातिक वन व्यवस्थापनका उपलब्धिहरू ल्याउन सक्छ । सामुदायिक वन र कबुलियती वनबाट सिकेको एउटा संयुक्त पाठ के छ भने वन व्यवस्थापनबाट कसले फाइदा पाउँछ भन्ने कुरा मुख्य रूपमा वन कार्यक्रमका अभ्यासहरू, नियमहरू र संस्थाहरूका बारेमा समुदाय स्तरमा हुने विचार विमर्शका तौरतरिकाहरूका आधारमा रेखाङ्कित र निर्धारित हुन्छन् जसमा नागरिक समाजका समूहहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । यीमध्ये कुनै पनि अवधारणाहरूमा व्यक्तिगत घरपरिवारसम्म फाइदा पुग्ने बाटाहरू आविष्कार गर्नु महत्वपूर्ण हुन्छ । एकातर्फ अति गरिव परिवारहरूलाई लक्षित गर्नु आवश्यक भए पनि एकिकृत सामुदायिक विकास र जलाधार जस्ता कार्यक्रमहरूले के देखाउँदछन् भने लाभको प्रवाहहरू र संरक्षण परिणामहरूका लागि सामुदायिक तह भन्दा पर क्षेत्रीय, जलाधार र धरातलीय तह सम्म काम गर्नु आवश्यक हुन्छ ।

गैरसरकारी संस्थाहरूको प्रयासमा जुन सामुदायिक वन उपभोक्ता समूहहरूमा गरिव र अन्य उपभोक्ताहरूको बीचमा सम्वाद र समभ्फदारी निर्माण भएको छ त्यस्ता समूहहरूमा न्यायोचित बाँडफाँटका प्रावधानहरू विकास भएको पाइन्छ। जुन समूहहरूमा विचार विमर्श र सम्वादको अवसर कम छ त्यस्ता समूहहरूमा सिमित टाठाबाठाहरूको प्रभुत्व भएको पाइन्छ। यसरी हेर्दा न्यायोचित प्रक्रिया र फाइदाको बाँडफाँट सम्वन्धित सवाल अधिकारमूखी अवधारणा र क्षणिक राहतको बीचमा रुमल्लिरहेको देखिन्छ।

## नीतिगत प्रक्रियाहरु

यस अंकमा समाविष्ट लेखहरूमा कसरी नीतिगत प्रक्रियाहरू अझ बढि समावेशी र अन्तरक्रियात्मक हुन सक्छन् भन्ने बिषयमा समुदायमा आधारित विभिन्न वन व्यवस्थापन प्रारूपहरूबाट प्राप्त सिकाइहरूलाई समावेश गरिएको छ। नेपालमा समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमको उतारचढाब र विकासक्रमले यसको जटिलतालाई इंगित गर्दछ। खास गरि कार्यक्रमको सफलता यसका प्रक्रियाहरू कसरी संचालित र को द्वारा निर्देशित छन् र गरिव तथा पछाडी पारिएको वर्गको आवाज कतिको सुनुवाइ हुन्छ भन्नेमा निर्भर गर्दछ।

राम्रा नीति तथा अभिप्रायहरू स्वत: अभ्यासमा परिणत हुँदैनन्। नीति लागू गर्ने निकायहरूले कसरी यसलाई ब्याख्या र परिभाषित गर्दछन् भन्नेमा निर्भर गर्दछ। उपभोक्ताहरूको सञ्जाल लगायत नागरिक समाजका विभिन्न समूहहरूले नीतिलाई ब्यवहारिक रूपमा ब्याख्या गर्न सक्रिय रूपमा नलागेसम्म नीति तर्जुमा र कार्यान्वयन प्रक्रियाहरूमा जनता र सिमान्तीकृत वर्गको अधिकार र आवाज कमजोर हुने संभावना हुन्छ।

सुरुवातमा सामुदायिक वन कार्यक्रम सरकारले तयार गरि लागू गरेको भएतापनि समयक्रममा विभिन्न सारोकारवालाहरूको सक्रियता र स्थानीय जनताहरूको जागरण र चासोका कारण हाल यी कार्यक्रमहरू सरकारी नियन्त्रणमा मात्र छैनन्। जनताको वन स्रोत माथिको अधिकारलाई सुनिश्चित गर्न स्थापित संजालहरू (जस्तो की सामुदायिक वन उपभोक्ता महासंघ) को सक्रियताले समेत एकै निकायको मात्र वर्चश्व रहने परम्परालाई तोडेको छ।

## एकिकृत रुपमा संरक्षण र जीविकोपार्जनका लक्ष्यहरु

हामीले हेर्न खोजेको मुख्य विषय भनेको- कसरी र कुन हदसम्म संरक्षण र जीविकोपार्जनका लक्ष्यहरूलाई समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमबाट समाहित गर्न सकिन्छ भन्ने हो। १९८० को दशक देखि नै चर्चामा आएका र एक अर्कामा अन्तर-सम्बन्धित "निम्न वर्गका मानिसहरू वनविनाश गरिरहेका छन् र त्यसलाई यथाशीघ्र रोकिनु पर्दछ" भन्ने मुद्दालाई हल गर्न दुई समानान्तर प्रक्रियाहरूको शुरुवात भयो: यी मध्ये पहिलो सहभागिता बिनाको संरक्षण (आरक्षित क्षेत्रको स्थापना) र दोस्रो स्थानीय सहभागिता सहितको संरक्षण (पहाडी क्षेत्रहरूमा सामुदायिक

वनको शुरुवात) थिए । जनमूखी पद्दति सहितको संरक्षणलाई प्रतिनिधित्व गर्दै स्थानीय जनताहरूको वन पैदावरको आवश्यकतालाई पूरा गर्ने प्रयासका साथ वन विभागले हाल विद्यमान वन विनाशको प्रवृत्तिलाई उल्टाउन खोज्यो । यी प्रारूपको सुरुवातमा बनाइएको सोच र अभ्यासका सबै प्रारूपहरू जीविकोपार्जन र संरक्षणका उद्धेश्यसँग एक अर्कामा अन्योन्याश्रित भएता पनि सापेक्षित महत्वका आधारमा एक अर्कामा भिन्न पनि छन् । यी सबै कार्यक्रमका अनुभवहरूबाट सिकेको प्रमुख पाठ भनेको स्थानीय जीविकोपार्जनका लक्ष्य वन सम्पदा संरक्षणवाट अलग गर्न सकिँदैन र वन पैदावारमा आधारित जीविकोपार्जनले संरक्षणको सुनिश्चित नतिजा दिन्छ भन्ने हो । विभिन्न परिप्रेक्षमा सबै प्रकारका समुदायमा आधारित वन व्यवस्थापनका प्रारूपहरू मात्रात्मक रूपमा फरक भए तापनि लक्ष्यहरूको समायोजन गरी गरीवी घटाउनु नै आजको आवश्यकता हो ।

## निष्कर्ष

प्रचुर अनुभव र उल्लेख्य प्रगतिका बावजुद समुदायमा आधारित वन व्यवस्थापन संचालनमा ल्याउने सरोकारवालाहरूले प्राकृतिक स्रोतको निरन्तरता, दिगो जीविकोपार्जन, प्रजातान्त्रिक र पर्यावरणका सम्बन्धमा विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको छ। सरोकारवालाहरूमा पनि कुन प्रारूपको व्यवस्थापन, आवधिक संरचना तथा शक्तिको बाँडफाँटका तौर तरिका अपनाउँदा विभिन्न आर्थिक, सामाजिक र जैविक परिप्रेक्षहरूमा पनि गरिवी न्यूनीकरणको लक्ष्यहरूलाई भेट्टाउन सहयोग पुऱ्याउन सकिन्छ भन्ने चुनौती विद्यमान छ। नेपालको परिप्रेक्ष्यमा संस्थागत विकासक्रमको पृष्ठभूमि, प्रकृयाहरू र सिर्जनात्मक नीति निर्माण प्रकृयामा विगतका तीन दशक गुजारी सकेको समुदायमा आधारित वन व्यवस्थापनबाट केही महत्वपूर्ण पाठहरू सिक्नुपर्ने देखिन्छ। यस खण्डका लेखहरूले समग्रमा निम्नानुसारका मुख्य निष्कर्षहरू प्रस्तुत गरेका छन् ।

- नेपालमा समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमको विकासक्रम एक पछि अर्को गरी क्रमशः भन्दा पनि कुनै फरक नीति नियमको तयारी र अभ्यासको क्रममा सिर्जना भएको पाइन्छ । अभ्यास विनाको नीति-निर्माण बढी प्रविधिमुखी हुने भएकाले नीति तयारी प्रक्रियासँग अभ्यास प्रक्रियालाई समन्वय गरिनुपर्दछ। मूलतः यो निचोड नेपालमा सामुदायिक वन र साझेदारी वनको तुलनात्मक अध्ययनबाट निस्किएको हो। सामुदायिक वन प्रक्रिया (जहाँ प्रयोगात्मक र परामर्श प्रक्रियाद्वारा नीति- निर्माण र नवीन व्यावहारिक पद्धतिलाई जोड्ने प्रयास भएको थियो) धेरै अवरोध र प्रतिरोध बिना नै संस्थागत भयो जबकि साझेदारी वन (जहाँ नीति प्रारूप कुनै सल्लाह र फिल्ड-स्तरको प्रयोग विना नै विकसित भयो) ले लगातार प्रतिरोधको सामना गरिरहेको छ ।
- प्रमुख सरोकारवाला, स्थानीय समुदाय आदिसँग अन्तरक्रिया नगरी आधारभूत सहमति बिना नै कार्यक्रम तयार गरी अभ्यासमा उतार गर्ने प्रक्रियाले कार्यक्रमलाई व्यवहारमा लैजाँदा उच्च प्रतिस्पर्धामा जाने भए तापनि उन्नति ढिलो हुन्छ जसले गर्दा सरोकारवालाहरू बीचको द्वन्द्व दीर्घकालीन हुन जान्छ। उदाहरणको रूपमा साझेदारी वन कार्यक्रम कार्यान्वयनमा आएको अवरोधलाई लिन सकिन्छ ।

- वन क्षेत्रको शासन व्यवस्था पारदर्शी, जिम्मेवार र प्रजातान्त्रिक बनाउन राज्यव्यवस्थाका विविध तहमा नागरिक समाजको योगदान महत्वपूर्ण हुन्छ। सामुदायिक वन उपभोक्ता महासंघ नेपाल जुन एउटा बलियो नागरिक समाजको रूपमा विकास भएको छ, सरकार र वन कर्मचारीतन्त्रको शासन व्यवस्थामा सुधार गर्न नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरालाई प्रमाणित गरेको छ। यसका अलावा वि.सं. २०४६ पछि नागरिक समाजका अग्रणी समूहको सहभागीतामा वन क्षेत्रका नवीन अनुसन्धान, बहस पैरवी र नीतिगत छलफलहरू प्रभावकारी हुँदै गएका छन्। यसको एउटा कारण नागरिक समाजलाई दिइएको संवैधानिक स्थान (संगठित हुन पाउने मौलिक अधिकारको ग्यारेन्टी) ले नेपालमा वन शासन व्यवस्थाको प्रजातान्त्रीकरणको पक्षमा काम गर्न महत्वपूर्ण अवसर प्रदान गरेको देखिन्छ।
- आजसम्म तल्लो तहका जस्तै जिल्लाका जलाधार र भूमि शासन व्यवस्थाका विषयमा सिमित ध्यान दिइएको पाइन्छ। समुदायहरू कसरी माथिल्ला तहका शासन व्यवस्था जस्तै जिल्ला अथवा राष्ट्रिय तहसँग जोडिएका छन् भन्ने कुराको ख्याल नै नगरी समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम समुदायहरूमा लक्षित गरिएका छन्। परिणामस्वरूप, आर्थिक सबलता ( जसका लागि वनपैदावरको उत्पादन र बजारसम्बन्धी आर्थिक मापदण्डको आवश्यकता पर्दछ) को प्रश्न मात्र होइन वृहत रूपमा समानता र अधिकार (निश्चित समुदायबाहेक) का सवालहरूलाई पनि वेवास्ता गरिएको छ। समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमले प्रस्ट रूपमा संयुक्त परिवर्तनको शासन व्यवस्थालाई पहिचान गर्नु पर्दछ। साथै साझेदार संस्थाहरूको सुदृढीकरणद्वारा समुदायस्तरका शासन व्यवस्थालाई माथिल्लो तहका शासन व्यवस्थासँग जोड्न पहल गर्नुपर्छ। यस पक्षमा केही ध्यान पुगे पनि सशक्त र आन्तरिकरूपमा जिम्मेवार ठूला संस्थाहरूको विकासमा अझ बढी ध्यान पुग्नु जरूरी छ।
- राज्यबाट समुदायमा शक्ति हस्तान्तरण गर्नु आवश्यक पहिलो कदम भए तापनि धेरै गरिबलाई अधिकार सम्पन्न बनाउनका लागि अझै सशक्तिकरण नपुगेको अवस्था छ। दोश्रो कदम भनेको वन स्रोतको प्रभावकारी र समान व्यवस्थापक बन्नका लागि सामुदायिक सङ्गठनहरूको क्षमता अभिबृद्धि गर्नु हो। केही वन सम्बन्धित कार्यक्रमका उदाहरणहरूले के देखाउँदछ भने समुदायलाई चाहिने स्थानीय स्वायत्तता र क्षमता अभिवृद्धिको अवसर दिइयो भने संरक्षण र जीविका दुवैलाई योगदान पुग्ने गरी समुदायहरूले कार्यक्रमहरू आयोजना गर्न सक्छन। यसो हुँदाहुँदै पनि संरक्षणसँग सम्बन्धित वन कार्यक्रमहरूमा सहभागिताका नाममा केन्द्रीकरणको जटिल एजेन्डा अझसम्म पनि बलियो छ। अधिकतम स्वायत्तताले स्थानीय तहको सामूहिक कामको कम प्रभावकारिता र सङ्कुचितताका कारण संस्थाका स्रोतहरूको दीर्घकालीन व्यवस्थापनका अलावा स्थानीय बासिन्दाको जीविकोपार्जनका लागि शर्त राख्न सक्छ।
- समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम सामाजिक क्षेत्रमा बिस्तारै विकसित हुन्छ जहाँ उपभोगकर्ताहरू आफ्नो स्थान र मूल्यवान् साधन स्रोतहरूका लागि एक आपसमा प्रतिस्पर्धा गर्दछन्। सफल कार्यक्रमले नवीन र प्रतिस्पर्धात्मक कार्यक्रमको विचारद्वारा प्रतिरक्षात्मक कार्यतालिकाको विकास गर्छ। यसले अवसर र चुनौती दुवै सिर्जना गर्न सक्छ। जब

कार्यक्रमका प्रमुख सहभागीहरू प्रत्यक्ष रूपमा गरिव र सीमान्तकृत सेवाग्राहीलाई सेवा नगरीकन आफ्नै फाइदा र लाभको लागि एक-आपसमा प्रतिस्पर्धा गर्छन् त्यतिबेला गम्भीर चुनौतीहरू आउँछन् । अझ गम्भीर परिदृश्यमा सामुदायिक वन बीचको एकातिरको बढ्दो तनाव र कबुलियती वन र साझेदारी वन बीचको अर्कोतिरको तनावले गरिवलाई सेवा गर्ने अवसरको खोजी गर्नुको सट्टा प्रतिस्पर्धी कार्यक्रमका प्रमुख सहभागीहरू उनीहरूकै कार्यक्रममा आफ्नो सीमा र स्थानको सुरक्षा गर्नमै तल्लीन हुन्छन् ।

- कुनै कार्यक्रमको सफल विकासको लागि सिकाइ, छलफल र प्रयोगको प्रक्रिया महत्वपूर्ण हुन्छ । नेपालमा समुदायमा आधारित धेरै वन व्यवस्थापन कार्यक्रमले विकास गरेका प्रक्रियाहरू, साधनहरू र तरीकाहरू पारस्पारिक अभ्यासमा सहयोगी एवं प्रजातान्त्रिक विमर्श र रूपान्तरित सिकाइमा महत्वपूर्ण साबित भएका छन् । यसले वनजङ्गलको शासन व्यवस्थालाई निरन्तर सहयोग पुऱ्याएको छ । समावेशी र प्रजातान्त्रिक नेपालको वन शासन व्यवस्थाको लागि सामुदायिक वनका विषयमा सिक्ने कार्य महत्वपूर्ण प्रक्रियाको रूपमा देखिएको छ ।

## सन्दर्भ सामाग्रीहरु


**Carter, J. and Gronow, J.** 2005. Recent Experience in Collaborative Forest Management- A Review Paper. Bogor, Center for International Forestry Research (CIFOR).

**Malla, Y.B.** 2001. Changing policies and the persistence of patron-client relations in Nepal: Stakeholders' responses to changes in forest policies. *Environmental History,* **6:** 287-307.

**Nurse, M. and Malla, Y.** 2005. *Advances of Community Forestry in Asia.* Bangkok: Regional Community Forestry Training Center (RECOFTC).

**Ohja, H.R.** 2006. Engaging Bourdieu and Habermas to reframe forest governance in Nepalese Terai, *PhD thesis,* UK: The University of East Angila.

**Ojha, H., Timsina, N. and Khanal, D.** 2007. How are Forest Policy Decisions Made in Nepal? *Journal of Forest and Livelihood,* **6**(1): 1-16.

**Regmi, M.C.** 1978. *Land Tenure and Taxation in Nepal.* New Delhi: Adroit.

**Sarin, M., Singh, N.M., Sundar, N. and Bhogal, R.K.** 2003. Devolution as a Threat to Democratic Decision-Making in Forestry? *Findings from Three States in India.* London: ODI.

**Springate-Baginski, O. and Blaikie, P.** (2007). (Eds.) *Forests, People and Power: The Political Ecology of Reform in South Asia.* EarthScan Forestry Library. London and Sterling: Earthscan.

**Timsina, N.P.** 2002. Political economy of forest resource use and management: An analysis of stakeholders' interests and actions in Nepal's community forest management, *PhD Thesis,* UK: The University of Reading